



# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY






वर्ष-१६ ।। अङ्क : २९८ ॥ २०८१ पुष ०४ गते बिहिबार (19th Dec 2024 Thursday) Pratidin National Daily मूल्य-रु.५/-


## जुवा खेलाउन र बजेट पचाउन मेला महोत्सव

बिर्तामोड(प्रस) । व्यापार व्यवसाय , संस्कार संस्कृति , पर्यटकीय स्थलको संवर्द्धन गर्ने भनेर जेसुकै बहाना बनाएपनि पछिल्लो समय जुवा खेलाउनै लागि मेला महोत्सव लगाउने क्रम बढेको छ । व्यापार व्यवसाय र कलाकारको प्रस्तुतीबाट खासै आम्दानी नभएपनि जुवाजन्य खेलबाट मनग्ये नाफा हुने देखेर महोत्सव आयोजना गर्नेहरु बढ्दै गएका हुन् । झापामा हिउँदमा मात्र नभएर बाह्रै महिना एकपछि अर्को महोत्सव आयोजना भइरहेको छ । यतिबेला झापामा जहीतही महोत्सव चलिरहेको छ । भर्खरै बिर्तामोड र राजगढमा महोत्सव सकिएको छ । नेपाल तामाङ घेदुङले बिर्तामोड पर्यटन महोत्सव समापन गरेको भोलिपल्ट बिर्तामोड उद्योग वाणिज्य संघले 'बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव' आयोजना गर्ने निर्णय गर्यो । गत मंसिर १ देखि मंसिर २२ गतेसम्म बिर्तामोड पर्यटन महोत्सव संचालन भएको थियो भने बिर्तामोड उद्योग वाणिज्य संघको आयोजनामा आगामी माघ ११ देखि २३ गतेसम्म ' बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव' गर्ने तयारी थालिएको हो । यसअघि २०७९ फागुन ५ मा बिर्तामोड उद्योग वाणिज्य संघले महोत्सव आयोजना गरेको थियो ।

महोत्सव कुनै एउटा संस्थाले आफ्नो ब्यानरमा आयोजना गर्ने र त्यस संस्थालाई राम्रै रकम दिएर ठेकेदारले महोत्सव संचालन गर्ने गरेको पाइएको छ । मेलाको स्वीकृति लिने र राम्रै रकम आफूलाई दिनेगरी आयोजक संस्थाले अर्कालाई मेला ठेक्का दिने प्रचलन चलेको हो । जुनसुकै उद्धेश्य भनिएपनि मेला महोत्सवको मुख्य उद्धेश्य पैसा कमाउनु नै रहेको हुन्छ । ठेकेदारले आयोजकलाई दिएको रकमसहित अन्य खर्च उठाउन हरेक महोत्सवमा जुवाजन्य खेल खेलाउने गरेको पाइएको छ । जसलाई प्रहरी प्रशासनले अनदेखा गर्ने गरेको छ । मेला, महोत्सव र फेस्टिभलमा रैथाने खाना, उत्पादन र संस्कृतिलाई बिर्सन थालिएको छ। कृषि उत्पादन, स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण गर्ने उद्देश्यले आयोजना गरिएको भनिए



पनि यस्ता मेला महोत्सवमा स्थानीयता झल्कने न संस्कृति प्रस्तुत हुन्छ, न त खानेकुरा । स्थानीय सरकार, उद्योग वाणिज्य संघ र प्रदेश सरकारको समेत संलग्नता हुँदै आएका यस्ता महोत्सवमा खर्चको विवरण सार्वजनिक नहुँदा विवादमा आउने गरेका छन्।
मेला, फेस्टिभल, सांस्कृतिक महोत्सवजस्ता कार्यक्रमले समाजमा कुनै न कुनै सन्देश दिनुपर्ने हो। सार्वजनिक स्थानमा आयोजना हुने कार्यक्रमको निश्चित उद्देश्य पनि हुनुपर्ने हो । यस्ता कार्यक्रमबाट न समाजले त्यसको मूल मर्म बुझ्न चाहेको छ, न त आयोजकले नै स्पष्ट पार्न चाहन्छन्। 'कन्सर्ट'का नाममा सरकारी बजेट दिन कानुनी वैधता नभएका कारण महोत्सव तथा फेस्टिभलजस्ता नाममा सरकारले बजेट उपलब्ध गराउँदै आएको छ। बर्सेनि एउटै संस्था आयोजक, त्यही व्यक्ति प्रमुख अतिथि र त्यस्तै किसिमका सीमित दर्शकको सहभागितामा हुने महोत्सवले सरकारी बजेट पचाउने 'धन्दा' मात्रै भएको विज्ञहरू बताउँछन्। कतिपयले त सरकारी बजेट पचाउनकै लागि भए पनि बर्सेनि यस्ता कार्यक्रम गर्दै आएका छन्।

यसरी आयोजना भएका सार्वजनिक कार्यक्रमहरूको आयव्यय सार्वजनिक नगरेको विषयमा नागरिक समाजबाट आलोचना हुने गरेको छ। सार्वजनिक कार्यक्रमहरूमा भएको आयव्यय सार्वजनिक नगर्दा जवाफदेही बन्न नसकेको आरोप उनीहरूको छ। गत वर्ष बिर्तामोडमा आयोजित आदिवासी महोत्सवको हरहिसाव अझै सार्वजनिक गरिएको छैन ।

तामाङ घेदुङले आयोजना गरेको महोत्सव सकिएपछि हरहिसाव सार्वजनिक गर्नुपर्नेमा त्यसप्रति आयोजक संस्था जवाफदेही बनेको देखिदैन । बिर्तामोड उद्योग वाणिज्य संघले २०७९ फागुन ५ मा महोत्सव आयोजना गर्दा त्यसको आय व्यय धेरै समयपछि मात्र सार्वजनिक गरेको थियो । महोत्सवबाट राम्रो आम्दानी भएको चर्चा चलेपनि वाणिज्य संघले ४ लाख मात्र आम्दानी भएको देखाएको थियो ।

## शिवाकोटीलाई थप सात दिन हिरासतमा राख्न अनुमति



झापा(प्रस)। घरेलु कामदारको रुपमा राखिएकी १६ वर्षीया नाबालिकालाई पटक पटक जबरजस्ती करणी गरेको आरोपमा पक्राउ परेका बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटीलाई थप सात दिन हिरासतमा राख्न झापा जिल्ला अदालतले अनुमति दिएको छ ।
पाँच दिनको म्याद सकिएर बुधवार थप म्यादका लागि शिवाकोटीलाई प्रहरीले जिल्ला अदालत लगेको थियो । प्रहरीले अनुसन्धान नसकिएको बताउँदै थप म्याद मागेपछि बुधवार सात दिनको म्याद थप गरिएको जिल्ला अदालतका स्रेस्तेदार किरण सिंहले बताए ।
यसअघि अदालतले शिवाकोटीलाई बलात्कार आरोपमा अनुसन्धान गर्न पहिलो पटक चार र त्यसपछि पाँच गरी ९ दिन हिरासतमा राख्न अनुमति दिएको थियो । इलाका प्रहरी कार्यालय बिर्तामोडले शिवाकोटीलाई गत मंसिर २५ गते पक्राउ गरेको हो ।

## विद्युत चुहावट नियन्त्रण गर्न अभियान

झापा(प्रस)। दश प्रतिशतभन्दा बढी विद्युत चुहावट भएपछि नेपाल विद्युत प्राधिकरणको अनारमनी वितरण केन्द्रले चुहावट नियन्त्रण अभियान थालेको छ। यसक्रममा वितरण केन्द्रको छड्के निरीक्षण टोलीले ८ वटा विद्युत मिटर जफत गरेको छ। विद्युत मिटरमा बाइपास गरी विद्युत चुहावट गरिरहेको अबस्थामा हल्दिवारी १ गोलधापबाट ८ वटा मिटर जफत गरिएको वितरण केन्द्रका प्रशासन प्रमुख प्रकाश विश्वकर्माले बताए । ७ वटा घरबाट र एउटा सिंचाइको मिटरमा बाइपास गरेर विद्युत चुहावट गरेको भेटिएको उनले जानकारी दिए । ग्रामीण क्षेत्रमा हुकिङ गरेर विद्युत चोरी गर्ने क्रम अझै भेटिन्छ भने बाइपास गरेर विद्युत चुहावट धेरैले गरिरहेका छन् ।
नेपाल विद्युत प्राधिकरणको अनारमनी वितरण केन्द्रमा १० प्रतिशतभन्दा बढी चुहावट भएको छ । आर्थिक वर्ष २०८०-०८१ को वार्षिक प्रतिवेदन अनुसार चुहावटका कारण अनारमनी वितरण केन्द्रलाई १०.४५ प्रतिशत घाटा लागेको हो । वितरण केन्द्रले अनारमनी ग्रीडसंग १५ करोड ७२ लाख ७५ हजार ८१५ युनिट खरिद गरेकोमा १४ करोड ८ लाख ३६ हजार १६७ युनिटमात्र उपभोक्ताहरुलाई बिक्री गरेको देखिन्छ । आर्थिक वर्ष २०७९-८० मा चुहावट १३.१७ प्रतिशत रहेकोमा यस वर्ष १०.४५ प्रतिशतमा झार्न सफल भएको अनारमनी वितरण केन्द्रका प्रमुख संजीवकुमार साहले बताए । वितरण केन्द्रले १४ करोड ८ लाख ३६ हजार १६७ युनिट बिक्री गर्दा बिक्री मूल्य १ अर्ब ३४ करोड ४० लाख ९३ हजार १५३ रुपैयाँ हुन आउँछ । तर, वितरण केन्द्रले १ अर्ब ३१ करोड ८४ लाख २० हजार ९७३ रुपैयाँ महशुल संकलन गरेको देखिन्छ । जुन ९८.०९ प्रतिशत हो । गत वर्ष महशुल संकलन ९५.४१ प्रतिशत रहेको थियो ।




अनारमनी वितरण केन्द्रअन्तर्गत ९३ हजार ४१८ ग्राहक रहेका छन् । त्यसमध्ये गार्हस्थतर्फ ७६ हजार ७०८ , औद्योगिकतर्फ १३०९ , व्यापारिकतर्फ ८४० र अन्यतर्फ १४ हजार ५६१ रहेका छन् । वितरण केन्द्रले चुहावट नियन्त्रणका लागि विभिन्न कार्वाही गरेपनि शून्यमा झार्न नसकिएको वितरण केन्द्र प्रमुख साहले बताए । उनले हुकिङ कार्वाही , मिटर छड्के निरीक्षण ,हुकिङ गर्दैगर्दा व्यक्तिलाई पक्राउ गरी कार्वाही गरिएको जानकारी दिए । गत वर्ष चुहावट कार्वाही युनिट १ हजार १४६ रहेको र जसबाट ७१ हजार ३३० रुपैयाँ जरिवाना असुल भएको वितरण केन्द्र प्रमुख साहले जानकारी दिए । त्यस्तै विद्युत चोरी गर्दा १३ जना पक्राउ परेका थिए । मिटर छड्के निरीक्षण ३०८ , मिटर रिसिलि १५० , हुकिङ थुतेको १३ रहेको छ । त्यस्तै बन्द मिटर बदलीतर्फ सिंगल फेज बदली संख्या ७५२ , थ्रीफेज बदली संख्या ३१ रहेको छ । औसत विलिवापत जम्मा ४ लाख १८ हजार ६९ युनिट उठ्दा २४ लाख ८२ हजार ३४४ रुपैयाँ असुल भएको वितरण केन्द्रले जनाएको छ ।

## कोशीमा धान उत्पादनमा वृद्धि

झापा(प्रस)। कोशी प्रदेशमा गत वर्षभन्दा यस वर्ष धान उत्पादनमा वृद्धि भएको छ । कोशी प्रदेशमा ९९.६० प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएकोमा यस वर्ष ०.०५ प्रतिशतले उत्पादनमा वृद्धि भएको कृषि विकास निर्देशनालय कोशी प्रदेशका सूचना अधिकृत तथा बागवानी विकास अधिकृत पूर्णमाया गुरुङले बताइन् । उनका अनुसार गत वर्ष ४.२४ प्रतिशत धान उत्पादन भएको थियो ।
कोशी प्रदेशमा दुई लाख ७६ हजार ३८६.७३ हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ। कोशी प्रदेशका अधिकतर स्थानमा धान उत्पादनमा वृद्धि भएको कृषि विकास निर्देशनालय कोशी प्रदेशले जनाएको छ ।

कोशी प्रदेशको तराईका जिल्लामा एक लाख ९१ हजार ७७६ हेक्टर क्षेत्रफलमा यस वर्ष धान रोपाइँ भएको थियो । उत्पादन नौ लाख २१ हजार ७२९.०६ मेट्रिक टन छ भने उत्पादकत्व प्रतिहेक्टर ४.८१ मेट्रिक टन रहेको सूचना अधिकृत गुरुङले जानकारी दिइन् ।
मध्यपहाडमा ६३ हजार ८३७ हेक्टर क्षेत्रफलमा यस वर्ष धान रोपाइँ भएकोमा उत्पादन एक लाख ९२ हजार २२१.८५ मेट्रिक टन छ। मध्यपहाडको उत्पादकत्व



३.०१ मेट्रिक टन प्रतिहेक्टर छ । उच्च पहाडमा १४ हजार ८४६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएकोमा उत्पादन ३९ हजार ३४०.३० मेट्रिक टन भने उच्च पहाडको उत्पादकत्व २.६५ मेक्ट्रिक टन प्रति हेक्टर छ ।
सूचना अधिकृत पूर्णमाया गुरुङका अनुसार ताप्लेजुङ जिल्लामा पाँच हजार ५५३ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएकोमा उत्पादकत्व २.८५ मेक्ट्रिक टन प्रतिहेक्टर छ । संखुवासभामा आठ हजार ६८ हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएकोमा उत्पादन २० हजार १७० मेट्रिक टन छ। उत्पादकत्व २.५० मेट्रिक टन रहेको निर्देशनालयले जनाएको छ ।

त्यस्तै सोलुखुम्बुमा एक हजार २२५ हेक्टरमा धान रोपाइँ भएकोमा उत्पादकत्व २.७३ मेट्रिक टन प्रतिहेक्टर छ । पाँचथरमा पाँच हजार ६१५ हेक्टर क्षेत्रफलमा धान खेती भएकोमा उत्पादकत्व २.३७ मेट्रिक टन प्रतिहेक्टर छ ।
इलाममा एक हजार ६७ हेक्टर क्षेत्रफलमा रोपाइँ भएकोमा उत्पादकत्व ३.३५ मेट्रिक टन प्रतिहेक्टर छ ।
त्यस्तै, तेह्रथुममा छ हजार ५४९ हेक्टरमा धान खेती गरिएकोमा उत्पादकत्व २.३७ मेट्रिक टन प्रतिहेक्टर छ ।
धनकुटामा चार हजार ४४५ हेक्टरमा धान खेती भएकोमा उत्पादकत्व ३.३३ मेट्रिक टन प्रतिहेक्टर छ ।
भोजपुरमा धान रोपाइँ भएको क्षेत्रफल ११ हजार १४७ हेक्टरमा उत्पादकत्व २.९६ मेट्रिक टन प्रतिहेक्टर छ। खोटाङमा नौ हजार ४१७ हेक्टरमा धान खेती भएकोमा उत्पादकत्व २.२५ मेट्रिक टन प्रतिहेक्टर छ ।
ओखलढुङ्गामा तीन हजार ८०३ हेक्टर क्षेत्रफलमा रोपाइँ भएकोमा उत्पादकत्व २.५० मेट्रिक टन प्रतिहेक्टर छ । उदयपुर जिल्लामा १२ हजार ७९४ हेक्टरमा धान खेती भएकोमा उत्पादकत्व चार मेट्रिक टन प्रति हेक्टर छ ।

कोशी प्रदेशको तराईको जिल्ला झापामा ७३ हजार ९५० हेक्टर क्षेत्रफलमा धान खेती लगाइएकोमा उत्पादकत्व ५.०५ मेट्रिक टन प्रतिहेक्टर छ ।

मोरङमा ६९ हजार ८१७ हेक्टर क्षेत्रफलमा धान रोपिएकोमा उत्पादकत्व ४.८० मेट्रिक टन प्रतिहेक्टर छ ।

सुनसरीमा ४८ हजार नौ हेक्टर क्षेत्रफलमा धान खेती भएकोमा उत्पादकत्व ४.४४ मेट्रिक टन प्रतिहेक्टर छ । कोशी प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफल आठ लाख २६ हजार ६४६ हेक्टर छ ।







### श्री छिमेकी बचत तथा ऋण सहकारी संस्था लि.

शिवसताक्षी ८, झिलझिले झापा

### १८ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारेको सूचना

प्रस्तुत विषयमा यस संस्थाको संचालक समितिको निर्णय अनुसार **१८ औं वार्षिक साधारण सभा** मिति २०८१/०९/१५ गते केन्द्रिय कार्यालयमा उद्घाटन हने र सबै इकाईहरुमा साधारण सभा सम्पन्न गर्न तपशिल अनुसारको मिति, समय र स्थानमा सम्वन्धित सेवाकेन्द्र अन्तर्गतका सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गर्दछौं । मिति २०८१/०९/१७ गते सम्पन्न हुने व्यहोरा सबै शेयर सदस्यहरुमा जानकारीका लागि अनुरोध गर्दछौं ।

उपस्थितिका लागि शिवसताक्षी झिलझिले मा.वि.को सभाकक्ष

तपशिल

| क्र.सं | मिति | ठेगाना | स्थान | समय |
|---|---|---|---|---|
| १ | २०८१/०९/१५ | शिवसताक्षी-८, झिलझिले | उद्घाटन कार्यक्रम | १०:००-३:०० बज |
| २ | २०८१/०९/१५ गते,१६ गते | शिवसताक्षी-८, झिलझिले | सेवाकेन्द्रहरुको हकमा क्रमश: जनता,मंगलवारे, सुरुङ्गा, दमक, केरखा सेवाकेन्द्रहरुमा मिति २०८१/०९/१५ गते देखि १७ गतेसम्म सम्वन्धित सेवाकेन्द्रहरु मा उपस्थित हुन वा केन्द्रिय कार्यालय झिलझिलेमा समेत उपस्थित हुन सकिने व्यहोरा जानकारीको लागी अनुरोध गर्दछौं । | १०:००-३:०० बजे |
| ३ | २०८१/०९/१७ | शिवसताक्षी-८, झिलझिले | समापन कार्यक्रम केन्द्रिय कार्यालय झिलझिलेमा संस्थाको भवनमा | १०:००-३:०० बज |

नोट: सम्पुर्ण सेवाकेन्द्रहरुका छनोट प्रतिनिधीहरुले मिति २०८१/०९/१७ गते अनिवार्य अनिवार्य उपस्थितिको लागी अनुरोध छ।

हर प्रसाद ओली
कार्यकारी प्रमुख

मोहन प्रसाद मैनाली
अध्यक्ष

# मेचीनगरमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु



• **लक्ष्मी उप्रेती**

बाहुनडाँगी ।झापाको मेचीनगर-२ बाहुनडाँगी यतिबेला खेलमय बनेको छ । बाहुनडाँगीमा बुधबारदेखि पाँचौं मेचीनगर नगरपालिका स्तरीय अन्तर विद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु भएको हो ।

जिल्ला खेलकुद विकास समिति झापाको संयोजन, मेची जनसाधारण माध्यमिक विद्यालय मेचीनगर-२ को व्यवस्थापन र मेचीनगर नगरपालिकाको आयोजनामा शुरु भएको प्रतियोगिताको मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोख्रेल उप्रेतीले उद्घाटन गरिन् । मेची जनसाधारण माध्यमिक विद्यालयको प्रांगणमा शुरु भएको यो चौधौं झापा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड छनौट खेलकुद प्रतियोगितासमेत हो ।

नगरभित्रका खेलकुद गतिविधिलाई जिल्लाका सबै क्षेत्रमा पुर्याउने र मेचीनगरका विभिन्न विधाका खेलाडीहरुलाई खेलकुदप्रति अपनत्व र जिम्मेवार बनाउने प्रतियोगिताको उद्देश्य रहेको उपप्रमुख मीना पोख्रेल उप्रेतीले बताइन् ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता ग्रामीण क्षेत्रमा आयोजना गर्न थालिएपछि गाउँ-गाउँमा खेलकुदको 'क्रेज' बढेको वडा नम्बर २ का कुस्ती खेलाडी बच्चन राजवंशीको प्रतिक्रिया छ । आफ्नो विद्यालय परिसरमा प्रतियोगिताको व्यवस्थापन गर्ने जिम्मा पाएकोमा उत्साहित बनेको प्रधानाध्यापक चन्द्रशेखर गुरागाईंले बताए ।

नगर स्तरीय छनोट प्रतियोगिता सम्पन्न भइसकेपछि प्रतियोगिताबाट छनौट भएका खेलाडीले जिल्लास्तरीय प्रतियोगितामा सहभागिता जनाउने अनि प्रदेश हुँदै केन्द्रमा समेत उनीहरुले सहभागिता जनाउन पाउने नगरपालिकाका शिक्षा शाखा प्रमुख उपसचिव होमनाथ भण्डारीले जानकारी दिए ।

मेचीनगर नगरपालिकाका सामाजिक विकास समितिका संयोजक हृदय राजवंशीको अध्यक्षतामा शुरु भएको प्रतियोगितामा छात्र छात्रातर्फको भलिबल, कबड्डी, एथलेटिक्सतर्फ दौड ट्र्याक, उफ्रने र फ्याक्ने फिल्ड, मार्शल आर्टतर्फ कराते, तेक्वान्दो, उसुतर्फ थाओलु र सान्सौंलगायतका खेल समावेश गरिएको मेची जनसाधारण माविका प्रधानाध्यापक गुरागाईंले जानकारी दिए। प्रतियोगितामा मेचीनगरभित्रका ५० वटा विद्यालय सहभागी छन् । प्रतियोगिताबाट विभिन्न विधाका कुल एकसय १० विद्यार्थी छनौट हुने भएका छन् । प्रतियोगिता पुष ५ गतेसम्म चल्ने छ ।

## दुर्गाको मुद्दामा बन्दीसहित उपस्थित गराउन आदेश

झापा(प्रस)। सर्वोच्च अदालतले मेडिकल व्यवसायी दुर्गा प्रसाईंको बन्दी प्रत्यक्षीकरणको मुद्दामा कारण देखाऊ र बन्दीसहित उपस्थित गराउन आदेश गरेको छ।

बुधवार सो मुद्दामा न्यायाधीश सुनिलकुमार पोखेलको इजलासमा पेसी तोकिएको थियो । पछिल्लो पटक जिल्ला अदालतले साइबर अपराधबाहेक अर्कोमा म्याद थप गरेपछि प्रसाईंका छोरा निराजन प्रसाईंले बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता गराएका थिए ।

## ब्राउनसुगरसहित दमकका तीन युवा पक्राउ



झापा(प्रस)। लागूऔषध ब्राउनसुगरसहित झापा दमकका तीन युवा पक्राउ परेका छन् । सीमावर्ती झापा गाउँपालिका वडा न.४ मा भारतबाट नेपालतर्फ आउदैं गरेका दमक नगरपालिका वडा नं.१ बस्ने २९ वर्षीय किशोर खवास,सोही ठाउँ बस्ने २८ वर्षीय सुरज राजवंशी र २८ वर्षीय सुनिल साह प्लाष्टिकसहित २ ग्राम ५२० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ परेका हुन् । मंगलवार दिउँसो ३.१५ बजे इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले शंका लागेर चेकजाँच गर्दा सुनिल साहले प्लाष्टिकसहितको ब्राउनसुगर खेतमा फालेका थिए । तीनैजनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ ।

## प्रहरी नायव उपरीक्षक जवेगु सर्वोत्कृष्ट प्रहरी घोषित

झापा(प्रस)। इलाका प्रहरी कार्यालय धरान सुनसरीमा कार्यरत प्रहरी नायव उपरीक्षक प्रकाश जवेगु कोशी प्रदेशकै सर्वोत्कृष्ट प्रहरी घोषित भएका छन् ।प्रहरी नायव उपरीक्षक जवेगुले गरेको कामको उच्च मूल्याङ्कन गर्दै कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले उनलाई मंसिर महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरेको हो । विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी नायव उपरीक्षक जवेगुले धनकुटाबाट




धरानतर्फ आउँदै गरेको बा १ भ ५१२७ र बा १ भ ४६०५ नम्बरको सरकारी नम्बर प्लेट लगाएको दुईवटा गाडीमा लागूऔषध गाँजाको ओसार पसार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा गत मंसिर १८ गते साँझ ७ बजे धरान १३ अमरहाट त्रिवेणी चौकमा सवारीसाधनहरु चेकजाँच गर्ने क्रममा ४ राउण्ड गोली फायर गरी उक्त गाडीलाई नियन्त्रणमा लिई कानून बमोजिम तलासी लिँदा दुवै सवारीसाधनबाट कुल ६९० के.जी गाँजासहित चालकलाई पक्राउ गर्न सफल भएका थिए ।

त्यस्तै विभिन्न मुद्दाका ११ जना फरार प्रतिवादी पक्राउ गर्न जवेगु सफल भएका थिए । साथै भन्सार चोरी पैठारी गरी ल्याएको अन्दाजी मूल्य रु १७ लाख ३२ हजार ४३० रुपैयाँबराबरका सामानहरु बरामद गर्न सफल भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।


## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | GLI0006118 | नेहा खनाल | लक्ष्मीपुर-८,चारपाने |


# चर्च ब्वाइज झापा कपको सेमिफाइनलमा




बिर्तामोड(प्रस)। डोमालाल रंगशालामा गत वर्ष भएको झापा गोल्डकपको विजेता चर्च ब्वाइज युनाइटेड झापा कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

चर्च ब्वाइजले रुपन्देहीको गोर्खा ब्वाइज स्पोर्टस क्लबलाई ३-० गोलले हराउँदै सेमिफाइनलमा स्थान पक्का गरेको हो ।

चर्च ब्वाइजका लागि दिपेश गुरुङ, विदेशी खेलाडी आर्मन्ड र डिकाले गोल गरे । खेलको २९ औं मिनेटमा चर्च ब्वाइजले अग्रता लियो ।

गोर्खा ब्वाइजका डिफेन्डरले क्लियर गरेको गोललाई दिपेश गुरुङले गोल गर्न सफल भए । गोलरक्षक अगाडि बढेको समयमा २५ यार्डबाट गुरुङले गरेको प्रहार गोलमा परिणत भएको थियो ।

४० औं मिनेटमा चर्च ब्वाइजले अग्रता दोब्बर बनायो । समिर तामाङको कर्नर प्रहारलाई चर्चका विदेशी खेलाडी आर्मन्डले हेडमार्फत गोल गर्दै अग्रता दोब्बर बनाए । पहिलो हाफको थपिएको समयमा चर्चले गोल थप्यो । कमल श्रेष्ठको फ्रिकिक प्रहारमा अर्का विदेशी खेलाडी डिकाले गोल गर्दै टिमको जित सुनिश्चित गरे ।

खेलको अधिकांश समय बल नियन्त्रण गर्न सफल चर्चले गोल गर्ने थप अवसर सदुपयोग गर्न सकेन । ३२ औं मिनेटमा चर्चका समिर तामाङले गरेको हेडर बार नजिकैबाट बाहिरियो । ४७ औं मिनेटमा विदेशी खेलाडी अबयोमीले वान भर्सेस वानको अवस्थामा गोल गर्न सकेनन् । खेलको अतिरिक्त समयमा सनम भुजेलले गरेको कडा प्रहार गोल बारमा लागेर फर्कियो ।

गोर्खा ब्वाइजले ६५ औं मिनेटमा पाएको अवसर गुमायो । सुजित बुढाथोकीले प्रहार गरेको लङ रेन्जर सट बाहिरियो । ८२ औं मिनेटमा विदेशी खेलाडी रिचार्डले गरेको प्रहार फ्रेममा पर्न सकेन ।

तीनजना विदेशी खेलाडी लिएर मैदानमा उत्रिएको गोर्खा ब्वाइजले अपेक्षित प्रदर्शन गर्न सकेन । गोर्खा ब्वाइजका अधिकांश खेलाडीले खेल अवधिभर बल कन्ट्रोल गर्न सकेनन् । गोर्खा ब्वाइजको स्ट्राइकिङ लाइन फितलो देखिएको थियो । खेलाडीबीच तालमेल नमिल्दा गोर्खा ब्वाइज पहिलो खेलमै पराजित भएर घर फर्किएको छ ।

खेलको प्लेयर अफ द म्याच विजेता चर्च ब्वाइजका डिका भए । उनले नगद १० हजार रुपैयाँ पुरस्कार पाए ।

बिहीबारको खेल एनआरटी क्लब काठमाडौं र काठमाडौंको जिल्ला लिग विजेता चित्लाङ फुटबल क्लबबीच हुने आयोजकले जनाएको छ ।

प्रतियोगिताको विजेताले नगद १० लाख तथा उपविजेताले नगद ५ लाख पुरस्कार पाउने आयोजक झापा ११ फुटबल क्लबका अध्यक्ष जलकुमार गुरुङले जानकारी दिए । प्रतियोगिताको फाइनल खेल पुष ८ गते हुनेछ ।

प्रत्येक खेलको प्लेयर अफ द म्याचले १० हजार नगद पाउनेछन् । प्रतियोगिताको उच्च गोलकर्ता एकजना तथा उत्कृष्ट गोलकिप्पर एकजनालाई ३५ हजार नगद पुरस्कार प्रदान गरिनेछ ।

त्यस्तै, प्रतियोगिताको एक उदीयमान खेलाडीलाई झापा ट्यालेन्ट घोषणा गरेर नगद ३५ हजार रुपैयाँ प्रदान गरिनेछ ।

प्रतियोगिताको सर्वोत्कृष्ट एकजना खेलाडीलाई मस्ट भ्यालुएवल खेलाडी घोषित गरेर नगद १ लाख रुपैयाँ प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए ।


## बालअधिकारप्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरन्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्,
- बालबालिकाकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं,
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौ ।
- वालवालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ०७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०८१-०९-०४

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ०७ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **०७औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **०८औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमूकदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण | धितो सुरक्षणको विवरण |
|---|---|---|
| १. | **शाखा कार्यालय : कञ्चनबारी**<br>**ऋणीः** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य तथा आपूर्ती ब्यवस्थापन विभाग, वाणिज्य कार्यालय विराटनगरमा मिति २०७२/०८/२७ मा प्रा.फ.र.न. २७६९१ अन्तरगत रजिष्ट्रर्ड दर्ता भएको रजिष्ट्रर्ड ठेगाना मोरङ्ग जिल्ला विराटनगर उ.मा.न.पा./गा.वि.श. वडा नं.१५ भई हाल मोरङ्ग जिल्ला विराटनगर मा.न.पा.वडा नं.११, पन्चमुखी चोक स्थित ॐ साइराम सप्लायर्सका तर्फबाट ऐ.का प्रोप्राइटर नरेश प्रसाद सिंह राजपूतकी छोरी, सन्तोष कुमार सिंहकी पत्नी, नागरिकता बमोजिम सप्तरी जिल्ला मधेपूरा गा.वि.स., वडा नं. ०६, स्थायी ठेगाना भै हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा.,वडा नं.११, पन्चमूखी चोक बस्ने मिति २०५५/०९/२२ मा जिल्ला प्रशासन कार्यालय, मोरङ्गबाट जारी गरिएको ना.प्र.प.नं.३९४०१ भएको बर्ष ४१ की **गुञ्जन कुमारी सिंह**<br>**कर्जा शिर्षक :सवारी साधन कर्जा**<br>**व्यक्तिगत जमानीकर्ताः**<br>**नाम :-** रुमन विक्रम सिंह **बाबुः-** सन्तोष कुमार सिंह, **बाजे :-** कामेश्वर प्रसाद सिंह<br>**ना प्र नंः-** ०६-०१-७८-०३५५०, इनरुवा न.पा/गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा., वडा नं. ११ बस्ने । | **सवारी साधनको विवरणः**<br>**उत्पादक कम्पनीको नामः** TATA MOTORS<br>**सवारी साधन मोडेल :** XENON YODHA<br>**बनेको मितिः** 2021<br>**सवारी दर्ता नं.** : प्र.१-०२-००२ च४९६४<br>**ईन्जिन नं.** :49PCR10BYX607735<br>**चेसिस नं.** :MAT464602MSR03541 |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# कृषिलाई आत्मनिर्भर बनाऔं

देशको अन्नको भण्डार मानिने झापाका बासिन्दाहरुको भान्सा भारतीय तरकारीबाट चलेको छ । भारतबाट यदि तरकारी नआउने हो भने यहाँ तरकारीको भाउ निकै अकासिन्थ्यो । सस्तो भनेको भारतीय तरकारी नै हो । तरकारी मात्र होइन , खाद्यान्नमा पनि हामी भारतप्रति निर्भर छौं ।
नेपालले सात दशकदेखि अख्तियार गरेको योजनाबद्ध विकास प्रक्रियामा कृषि क्षेत्रले उल्लेखनीय फड्को मार्न सकेन, न त औद्योगीकरण नै प्रोत्साहित भयो । अर्थतन्त्र अझै कृषि विकासको प्रारम्भिक चरणमै रुमलिएको छ । सेवा क्षेत्रको विस्तारतर्फ भने हामीले निकै ठूलो फड्को मारिसकेका छौं । हाम्रो अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान कृषि तथा औद्योगिक क्षेत्र दुवै जोड्दाभन्दा धेरै (५६ प्रतिशत) छ । विडम्बना, आय–आर्जन तथा रोजगारीका निम्ति कृषि क्षेत्रमा आश्रित जनसंख्या (६६.७० प्रतिशत) अझै घट्न सकेको छैन, जबकि अर्थतन्त्रमा यस क्षेत्रको योगदान खुम्चिएर ३० प्रतिशतभन्दा कम छ । बहुसंख्यक नागरिक आश्रित रहेको कृषि क्षेत्रको उत्थानबिना उनीहरूको जीवनमा सकारात्मक परिवर्तन वा समृद्धि ल्याउन सम्भवै छैन । ‘क्रान्तिकारी भूमिसुधार’ लागू भएको छ दशक बितिसक्दा पनि भूमिको स्वामित्वमा ठूला किसानहरूको वर्चस्व कायम छ । ७ प्रतिशत घरधुरीको स्वामित्वमा एकतिहाइ जमिन छ भने न्यून आय हुने २० प्रतिशत घरधुरीको स्वामित्वमा केवल ३ प्रतिशत । बहुसंख्यक कृषक साना तथा भूमिहीन छन् । अधिकांश कृषक (५५ प्रतिशत) निर्भरतामुखी खेतीमा संलग्न छन् । खेती गरिने ३७ प्रतिशत जमिनमा सिँचाइ सेवा उपलब्ध छ । यद्यपि विद्यमान खेती प्रणाली सिँचाइ सुविधामा आधारित छ । आफ्ना उत्पादनले आफ्नै वा आन्तरिक आवश्यकताको परिपूर्ति हुनुलाई आत्मनिर्भर भएको मान्ने हो भने, हामी आफूले खपत गर्ने कृषि पैदावारमा आत्मनिर्भर छैनौं । हाम्रा खाद्य पदार्थहरूको प्रमुख आयात स्रोत भारत हो । विकास र समृद्धिका निम्ति कृषि क्षेत्रलाई इन्जिन बनाउनुको विकल्प हामीसँग छैन । विगत सत्तरी वर्ष लामो विकास अभ्यासमा खाद्य वस्तु तथा जीवजन्तुको उत्पादन वृद्धि गर्नका निम्ति कृषि क्षेत्रले प्राथमिकता पाउँदै गरेको हो तर लगानीअनुरूप उपलब्धि सन्तोषजनक छैन । समृद्धिको प्राप्ति विद्यमान कृषि उत्पादन प्रणालीको निरन्तरताबाट सम्भवै छैन । हाम्रो उत्पादन खर्च भारतीयको भन्दा निकै बढी छ, जसले गर्दा त्यहाँ उत्पादन हुने कृषिपैदावर हाम्रोभन्दा सस्ता छन् । यही कारण ती हाम्रै बजारमा समेत सुपथ मूल्यमा उपलब्ध हुने गर्छन् ।

हामीले परम्परागत कृषि उत्पादन प्रणालीलाई रूपान्तरण गरेर हालसम्म धिमा गतिमा मौलाउँदै गरेको उच्च मूल्य प्राप्त हुने पैदावारहरू– आलु, सागपात, बीउबिजन, फलफूल, अलैंचीलगायत जडीबुटी, मरमसला, चिया, कफी तथा सिल्क आदिको उत्पादन बढाएर कृषिमा आत्मनिर्भर हुने लक्ष्य राख्नु उत्तम विकल्प हुन सक्छ । कृषिलाई व्यवसायिक बनाऔं र कृषकहरु पनि आत्मनिर्भर बन्न सिकौं ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# शिक्षामा सुधार अपरिहार्य



• प्रवीनकुमार यादव

दक्षिण अफ्रिकाका महान् नेता नेल्सन मन्डेलाले भन्नुभएको छ कि ‘शिक्षा दुनियाँ परिवर्तन गर्ने शक्तिशाली हतियार’ हो । वास्तवमा हो पनि तर विडम्बना शिक्षा समाजको समग्र विकासको मेरुदण्ड हुँदा पनि यसको अवस्था भने दयनीय रहेको छ । जहाँ संविधान, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी दस्तावेजमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखिएको भए पनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ । शिक्षाले समग्र मानव जीवनलाई सभ्य, सुशील र दिगो विकासमा योगदान दिन सक्षम बनाउने माध्यमका रूपमा मानिन्छ । वर्तमान युगमा शिक्षाले राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्धहरू, सामाजिक न्याय, र आर्थिक प्रगतिलाई सुदृढ बनाउन विशेष महत्व राख्छ । विश्वव्यापीकरणले गर्दा शिक्षा व्यक्ति, समुदाय र राष्ट्रको समृद्धिका लागि अपरिहार्य साधन बनेको छ । यद्यपि नेपाल जस्तो विकासोन्मुख देशका लागि समावेशी र अद्यावधिक शिक्षा प्रणाली निर्माण गर्न गम्भीर सुधारको आवश्यकता छ ।

### कानुनी प्रावधान र तिनको महत्व

नेपालको संविधानको धारा ३१ ले शिक्षा अधिकारलाई मौलिक हकका रूपमा परिभाषित गरेको छ । धारा ५१ को निर्देशनात्मक सिद्धान्तमा शिक्षालाई समानता, समावेशिता र गुणस्तरीय बनाउन राज्यको दायित्व सुनिश्चित गरिएको छ । साथै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार, अशक्त व्यक्ति, दलित, आदिवासी जनजाति, सीमान्तकृत समुदाय र विपन्न वर्गका लागि विशेष व्यवस्था गरिने छ र शिक्षा निजीतर्फ मात्र सीमित हुनु नहुने र सामाजिक न्यायसहित राज्यले शिक्षा प्रदान गर्ने दायित्व वहन गर्नुपर्ने व्यवस्था प्रदान गरेको छ । यसै गरी जा'न डिवेले शिक्षा प्रणालीलाई समाजको वास्तविक आवश्यकतासँग जोड्नुपर्ने कुरामा जोड दिनुभएको थियो । उहाँका अनुसार शिक्षा जीवनका लागि होइन, जीवन नै शिक्षा हो । यससँगै नेपाल सरकारले शिक्षा ऐन, २०२८ मार्फत विद्यालय शिक्षा, व्यवस्थापन, पाठ्यक्रम र परीक्षामा सुधारका लागि कानुनी ढाँचा तयार गरेको छ ।

शिक्षा ऐन, २०७५ र आधारभूत तथा माध्यमिक शिक्षा नियमावली, २०७७ ले शिक्षाको गुणस्तर वृद्धि र सहज पहुँचमा जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले समावेशी र गुणस्तरीय शिक्षालाई मुख्य प्राथमिकतामा राख्दै बालबालिकाको पहुँच सुनिश्चित गर्ने उद्देश्य लिएको छ । अन्तर ाष्ट्रिय सन्धि र घोषणाहरूले पनि नेपालको शिक्षा क्षेत्रमा गहिरो प्रभाव पारेका छन् । मानव अधिकार घोषणा पत्र, १९४८ को धारा २६ ले प्रत्येक व्यक्तिलाई शिक्षा प्राप्त गर्ने हकको ग्यारेन्टी गरेको छ । संयुक्त राष्ट्रसंघको सहस्राब्दी विकास लक्ष्यले सन् २०३० सम्म सबैका लागि समावेशी, समान र गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । यसै गरी बालअधिकार महासन्धि सन् १९८९ को धारा २८ ले शिक्षामा पहुँचलाई बालबालिकाको आधारभूत अधिकारका रूपमा मान्यता दिएको छ । यी कानुनी प्रावधानले शिक्षा क्षेत्रमा सुधारका लागि आवश्यक दिशानिर्देश उपलब्ध गराएका छन् तर कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयनको अभाव देखिन्छ । उदाहरणका लागि, नेपालमा दुर्गम क्षेत्रमा विद्यालयको पहुँच कमजोर छ, गुणस्तरीय शिक्षकको अभाव छ र धेरै विद्यालयमा आवश्यक स्रोतसाधन तथा पूर्वाधारको कमी छ । यसको अतिरिक्त शिक्षाको राजनीतीकरण र नीति कार्यान्वयनको कमजोरीले शिक्षा प्रणालीलाई अझ कमजोर बनाएको छ ।

### शिक्षा क्षेत्रका चुनौती

शिक्षा सुधारको सबैभन्दा ठुलो चुनौती भनेको देशभर असमानताको अवस्था हो । हिमाली, पहाडी र तराईका विभिन्न भौगोलिक क्षेत्रको भौतिक, आर्थिक र सामाजिक अन्तरले शिक्षामा ठुलो विभेद निम्त्याएको छ । उदाहरणका लागि, नेपालको दुर्गम गाउँमा अझै पनि धेरै बालबालिका विद्यालय बाहिर छन् । शिक्षा मन्त्रालयको प्रतिवेदन अनुसार, ग्रामीण क्षेत्रमा १५ प्रतिशत बालबालिका आधारभूत शिक्षा पनि पूरा गर्न नसक्ने अवस्थामा छन् । नेपालमा शिक्षा क्षेत्रमा समान पहुँच नहुँदा केही वर्ग र क्षेत्रका विद्यार्थी गुणस्तरीय शिक्षाबाट वञ्चित छन् । ग्रामीण क्षेत्रमा बालबालिकाको विद्यालय जान सक्ने दर सहरभन्दा कम छ । विसं २०७९/८० को प्रतिवेदनबमोजिम गाउँमा प्राथमिक विद्यालय जान सक्ने दर ७४ प्रतिशत र सहरमा प्राथमिक विद्यालय जान सक्ने दर ९१ प्रतिशत छ । त्यसै गरी २०७९/८० को प्रतिवेदनबमोजिम शिक्षाको गुणस्तर अझै पनि चुनौतीपूर्ण रहेको छ । विद्यार्थीको सिकाइ क्षमता अपेक्षाभन्दा कम छ । विद्यालयमा विद्यार्थीको नियमित उपस्थिति ७० प्रतिशत र विद्यालय छोड्ने दर प्राथमिक तहमा १४ प्रतिशत, माध्यमिक तहमा २३ प्रतिशत छ । साथै शिक्षकहरूको अभाव र गुणस्तरीय शिक्षकहरूको कमीले शिक्षाको गुणस्तरमा असर गरिरहेको छ । २०७९/८० को प्रतिवेदनबमोजिम प्राथमिक तहमा प्रशिक्षित शिक्षकको प्रतिशत ६५ प्रतिशत रहेका छन् भने माध्यमिक तहमा प्रशिक्षित शिक्षकको प्रतिशत ७० प्रतिशत छ । विद्यालयमा आवश्यक पूर्वाधारको अभावले विद्यार्थीको सिकाइ वातावरणमा असर गरिरहेको छ । विद्यालयको भवन अवस्था ४५ प्रतिशत विद्यालय मर्मत र सुधार गर्न आवश्यक छ ।

शौचालय सुविधाको अभाव ३० प्रतिशत विद्यालयमा शौचालयको अभाव रहेको छ । प्राविधिक र व्यावसायिक शिक्षाको अभावले रोजगार र उद्यमशीलता क्षेत्रमा समस्या गरिरहेको छ । प्राविधिक शिक्षा प्राप्त विद्यार्थीको संख्या कुल विद्यार्थीको १५ प्रतिशत मात्र रहेको छ, जुन तोकिएको भन्दा एकदमै कम हो । अर्को चुनौती शिक्षाको गुणस्तर हो । नेपालको कुल गार्हस्थ उत्पादनमा शिक्षा क्षेत्रको बजेट न्यून रहेको छ । यस्ता न्यून बजेटले गुणस्तरीय शिक्षा दिन असम्भव हुन्छ । शिक्षामा रहेको पाठ्यक्रमले व्यावहारिकताभन्दा परम्परागत ज्ञानलाई मात्र जोड दिने गरेको छ । सामाजिक, आर्थिक पक्षमा पनि शिक्षा सुधारका लागि चुनौती छन् । गरिबी र बेरोजगारीका कारण धेरै अभिभावकले आफ्ना बालबालिकालाई विद्यालय पठाउन नसक्ने स्थिति छ । यसमा डिजिटल शिक्षाको समयसापेक्ष माग भए पनि अधिकांश विद्यालयमा इन्टरनेट, कम्प्युटर र स्मार्ट कक्षाकोठा जस्ता सुविधा उपलब्ध छैनन् । अर्कोतर्फ बाल विवाह, बालश्रम र लैङ्गिक भेदभावले थप समस्या सिर्जना गरेका छन् ।

### समाधान र कार्यान्वयनका उपाय

शिक्षामा सुधारका लागि गुणस्तरीय कानुनी व्यवस्थाको कार्यान्वयन, स्रोतसाधनको समान वितरण र शिक्षालाई सर्वसुलभ बनाउनु अत्यावश्यक छ । अन्तर्राष्ट्रिय प्रचलन अनुसार, संयुक्त राष्ट्रसंघको शिक्षासम्बन्धी फ्रेमवर्क फर एक्सनले शिक्षा सबैका लागि सुलभ, समावेशी, र गुणस्तरीय बनाउन सदस्य राष्ट्रहरूलाई सिफारिस गरेको छ । नेपालले यस ढाँचालाई प्रभावकारी रूपमा अपनाउनु पर्छ । साथै शिक्षामा प्राविधिक र व्यावसायिक विषयको समावेश गर्नुपर्ने आवश्यकता छ ।

फिनल्यान्ड र सिङ्गापुर जस्ता देशले शिक्षामा प्रयोगात्मक र नवप्रवर्तनकारी विधि अपनाएर सफल भएका छन् । नेपालले यी अभ्यासबाट पाठ सिकेर आफ्ना पाठ्यक्रम र शिक्षण पद्धतिमा सुधार गर्न सक्छ । शिक्षामा डिजिटल उपकरणको प्रयोग, शिक्षकको तालिम र क्षमता अभिवृद्धि र विद्यार्थीको मनोविज्ञानलाई बुझेर शिक्षण पद्धति विकास गर्नु आवश्यक छ । कानुनी रूपमा व्यवस्था गरिएका शिक्षासम्बन्धी हक र सुविधा सबै नागरिकसम्म पुऱ्याउन सरकारले ठोस योजना बनाउनु पर्छ । संविधानले तोकेका प्रावधानको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न, शिक्षा मन्त्रालयले जिम्मेवार निकायलाई स्पष्ट भूमिका दिनु पर्छ । सरकारले शिक्षा क्षेत्रमा बजेट बढाउनु आवश्यक छ । युनेस्कोले सिफारिस गरे अनुसार कुल बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा खर्च गरिनु पर्छ । विद्यालय सुधारका लागि स्थानीय सरकारको भूमिकालाई थप सशक्त बनाउनु पर्छ ।

# चुनौतीको चाङमा महासंघको नयाँ नेतृत्व



• सुरेन्द्र काफ्ले

नेपाल पत्रकार महासंघ नेपाली पत्रकारहरूको छाता संगठन हो। हालै पत्रकार महासंघले नयाँ नेतृत्व पाएको छ। त्यो नयाँ मात्र होइन, नयाँ इतिहाससमेत रचेको अवस्थामा छ। महासंघले आफ्नो ७३ वर्षे इतिहासमा पहिलोपटक महिला नेतृत्व पाएको छ। नेपालमा समावेशीकरणमा ठूलै उपलब्धि हासिल भएको त छँदै छ। राष्ट्रप्रमुखसमेत महिला भइसकेको अवस्था छ। त्यस्तै, सभामुख र मुख्यसचिव पनि महिलाले नेतृत्व गरिसकेको अवस्था छ। स्थानीय तहदेखि प्रदेश र संघीय सांसदमा पनि महिलो उपस्थिति ठूलो छ।

तर, पनि पत्रकारको नेतृत्वमा भने महिला आउन सकेका थिएनन्। योपटक पत्रकार महासंघको अध्यक्षमा निर्मला शर्मा निर्वाचित भएर इतिहासमा नाम लेखाएकी छन्। यो महासंघको निर्वाचन पनि महिला नेतृत्वबाट सफल भएको छ। २०८१ वैशाख २१ मा हुनुपर्ने निर्वाचन सर्दै-सर्दै मंसिर २८ मा पुग्यो। सदस्यता विवादका कारण यसबीच तत्कालीन महासंघ अध्यक्ष विपुल पोखरेल र वरिष्ठ उपाध्यक्ष रमेश विष्टले निर्वाचन गराउन नसकेपछि कार्यवाहक अध्यक्ष बनेकी बाला अधिकारीको नेतृत्वमा यो निर्वाचन सफल भयो र नेतृत्व पनि महिलाले नै पायो।
पत्रकारहरूको पेसागत संघको स्थापना २००८ सालमा नै भएको देखिन्छ। पहिलो सभापति सत्यनारायणबहादुर श्रेष्ठ भएका थिए। उनैको नेतृत्वमा नेपाल पत्रकार संघको स्थापना गरिएको थियो। श्रेष्ठपछि संघको नेतृत्व कृष्णप्रसाद भट्टराईले गरे। उनी पहिलो सभामुखदेखि प्रधानमन्त्रीसम्म भए।
त्यसपछि संघको दाताराम शर्मा, फत्तेबहादुर सिंह, पशुपतिदेव पाण्डे, मणिन्द्रराज श्रेष्ठ, गोपालदास श्रेष्ठ, गोकर्णदेव पाण्डे, इन्द्रकान्त शर्मा, मञ्जुरत्न शाक्य, निर्मलकुमार अर्याल, मणिराज उपाध्याय, गोविन्द वियोगी, होमनाथ दाहाल र हरिहर विरहीले संघ नेतृत्व गरे। किशोर नेपाल सभापति भएको बेला २०५४ सालमा आएर संघलाई महासंघमा रूपान्तरण गरिएको थियो।
रूपान्तरणपछि सुरेश आचार्य, तारानाथ दाहाल, विष्णु निष्ठुरी, धर्मेन्द्र झा, शिव गाउँले, महेन्द्र विष्ट, गोविन्द आचार्य हुँदै विपुल पोखरेल महासंघको अध्यक्ष भए। २००८ सालदेखि २०७८ सालसम्ममा कुनै नेतृत्वमा महिलाको नाम देखिएन। पछिल्लो समय पत्रकारितामाथि चौतर्फी घेराबन्दी र हमला भइरहेको छ। नेपालको पत्रकारितालाई कमजोर बनाउन मिथ्या र गलत सूचनाको सहारा लिनेक्रम बढ्दो छ।
सामाजिक सञ्जालमा आएका प्रमाण र तथ्यविहीन सूचनाको भर पर्नुपर्ने अवस्था सिर्जना छ। महासंघको नेतृत्वसमेत बेला-बेला श्रमजीवी पत्रकारबाट टाढिँदै आएको अवस्था छ। महासंघ पत्रकार हकहितभन्दा पनि राजनीतिक तथा व्यक्तिगत स्वार्थ महासंघको नेतृत्व केन्द्रित भएको जनगुनासा आइरहेका छन्। हुन त यो विगतदेखि नै नउठेको विषय होइन।
पेसागत हकहित र सुरक्षाका लगायतका मुद्दामा महासंघ चुकेको छ। कोरोनापछि नेपाली पत्रकारितामा ठूलो संकट आएको छ। अझै पनि कोराना असर नेपाली पत्रकारितामा कम हुन सकेको छैन। न्यूनतम् पारिश्रमिक कार्यान्वयन, स्थायी नियुक्ति, तलब, सामाजिक सुरक्षा लगायतका समस्या जस्ताको तस्तै छन्।
पत्रकार महासंघमा गैरपत्रकारको संख्या समयमा महासंघको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीबाट भइरहेको छ। अर्थात् सबै साधारण सदस्यले मतदान गर्ने अवसर पाएका छन् तर यो प्रत्यक्ष निर्वाचन आफैंमा नराम्रो नभएपछि गैरपत्रकारको बाहुल्यता रहेको अवस्थामा यो प्रणाली भनेजस्तो नहुने पछिल्ला निर्वाचनले प्रमाणित गरिसकेको छ।
पछिल्लो समयमा पत्रकारपिच्छे मात्र होइन, व्यक्तिपिच्छे, नेतापिच्छे अनलाइन सञ्चालन भइरहेको अवस्था छ। यसलाई साना लगानीको मिडियाको रूपमा व्याख्या गरिएको छ। यसलाई कसरी व्यवस्थित बनाउने भन्ने समस्या पनि छ। सञ्चारसम्बन्धी उपयुक्त नीति बनाएर मुलुकमा कति सञ्चारमाध्यमको आवश्यकता छ ? उनीहरूमार्फत आफ्ना रूपमा पनि चिनिने गरेको छ। विगतमा मुलुकका राजनीतिक परिवर्तनमा पत्रकार महासंघको ठूलो भूमिका रहँदै आएको छ। २०४६ सालको प्रजातन्त्रको पुनर्स्थापना, २०६२/६३ को जनआन्दोलनमा नेपाली पत्रकारको भूमिका कहिल्यै बिर्सन नसकिने छ। २०६२/६३ मा त महासंघलाई आठौं दलका रूपमा चर्चा गरिने गरिएको थियो।
राणाकाल, पञ्चायती शासन व्यवस्था र शाही शासन कालमा नेपाली पत्रकारिता माथि हस्तक्षेप, ज्यादति ज्यादा भएका थिए। त्यसपछिको समयमा फेरि पत्रकारलाई राज्य गर्ने व्यवहार सुखद छैन। लोकतन्त्र र गणतन्त्र आइसक्दा अवस्था परिवर्तन होला भन्ने पत्रकारको बुझाइ थियो। तर, पछिल्लो समय





मिथ्या र गतल सूचनामा फस्ने गरेको छ। न्यू-मिडियाको प्रभाव पनि सञ्चार क्षेत्रमा बढिरहेको छ। जसले यो अनुरूप रूपान्तरण हुन आवश्यक छ। छापा माध्यमलाई विद्युतीय माध्यम सञ्चार क्षेत्रका समस्यै समस्यामा गाँजिएको छ।

मिडिया हाउसदेखि श्रमजीवी पत्रकार अवस्था दयनीय बन्दै गएको छ। पत्रकारिताप्रति वितृष्णा सिर्जना हुँदै छ। यता महासंघ उल्लेख्य छ। त्यसका लागि महासंघले शुद्धीकरण अभियान भनेर पनि सञ्चालन गर्दै आएको छ। तर, त्यो शुद्धीकरण नाम ठूलो राजनीति भइरहेको छ। आफू निकटलाई शुद्धीकरणमा नपार्ने इतरलाई हटाउने काम हुँदा विवाद पटक-पटक भइरहेको छ। पछिल्लो महासंघको निर्वाचन पनि पटक-पटक सर्नु प्रमुख कारण नै सदस्यता विवाद हो।
आफ्ना गैरपत्रकार राखे, इतरलाई हटाए भन्ने नै महासंघमा देखिएको विवाद हो। पछिल्लो विपक्षलाई तेजोबध गर्ने काम पनि भइरहेको छ।
यू-ट्यूबलगायत समाजिक सञ्जाललाई कसरी व्यवस्थापन गर्ने भन्ने समस्या पनि यस्तै छ। मिडियालाई सधैं प्रतिपक्ष मानिने गरेको छ। तर, पछिल्लो सामाजिक सञ्जालमार्फत नियोजितरूपमा नै नेपाली पत्रकारितालाई कमजोर बनाउन प्रहार भइरहेको छ। यो प्रहारबाट नेपाली पत्रकारितालाई कसरी बचाउने भन्ने विषय पनि टड्कारो छ। नेपाली पत्रकारिता समस्यै समस्याले गाँजिएको अवस्थामा छ।

अर्कोतिर महासंघ नागरिक अगुवा संस्थाको त झनै ठूलो संक्रमणको अवस्था सामना गर्नु परिरहेको छ।
यसैले नयाँ नेतृत्वको काँधको ठूलो चुनौती छ। पत्रकार महासंघ अब समग्र पत्रकारको गिरेको साख माथि उठाउने गरी अघि बढ्नु छ। संविधानले परिकल्पना गरेको पूर्ण प्रेस स्वतन्त्रता ग्यारेन्टीको वकालत गर्ने दायित्व पनि नयाँ नेतृत्वको काँधमा छ। यसमा महासंघको नेतृत्व खरो उत्रन जरुरी छ। महासंघकै खस्केको छवि सुधार्नदेखि श्रमजीवी पत्रकार हकहित र सुरक्षामा महासंघको नेतृत्व गर्ने काम नै उसको मूल्यांकनको आधार बन्नेछ।

# मोरङमा पहिलोपटक गोरक्षा महोत्सव

पथरी(प्रस)। मोरङको लेटाङमा पहिलोपटक गोरक्षा महोत्सव सुरु भएको छ। यसअघि झापाको सताक्षीधाममा मात्र यस्तो महोत्सव सञ्चालन हुँदै आएको थियो। श्रीकृष्ण गौशालाले पुष १ गतेदेखि ७ गतेसम्म श्रीमद् भागवत सप्ताह एवं सुरभी ज्ञान महायज्ञको आयोजना गरेको हो । आयोजकका अनुसार पहिलोपटक गोरक्षा महोत्सव मोरङको लेटाङमा सुरुवात भएको हो।

गोलोक गोवर्धन गौशाला झापाका अध्यक्ष आचार्य नन्दकिशोरजी महाराजका अनुसार गोरक्षा भनेको गाईको संरक्षण, सेवा र गाईको महिमा आम सर्वसाधारणलाई जानकारी गराई गाईको जीवन रक्षा गर्नु हो।

सोमबारदेखि सुरु भएको श्रीमद्भागवत महापुराण तथा धन-धान्याचल सुरभी महायज्ञको दोस्रो दिनसम्ममा करिब २ हजार गोभक्त महोत्सवमा सहभागी भएका छन्। स्थानीय लेटाङ- ९ जाँतेको गणेश मन्दिर परिसरमा सञ्चालित श्रीकृष्ण गौशालाको आयोजनामा महोत्सव सञ्चालन भइरहेको छ। धेनुमानस गौ-महिमा गौ माताका अनन्य भक्त, राधेराधे परिवारका संस्थापक प्रवक्ता एवं नेपाल, भारत र भुटानका सुप्रसिद्ध भागवत कथा वाचक पण्डित घनश्याम खनालको मुखारविन्दबाट भागवतमा कथा प्रवचन भइरहेको छ भने पाठपारायण बैजनाथ अधिकारी प्रारम्भिक संस्कृत विद्यापीठ लेटाङ जाँतेका पण्डित सुदीप ढुङ्गानाले गरिरहेका छन् ।

सताक्षीधामस्थित गोलोक गोवर्धन गौशालाबाट




२०८० साल पुष ७ गते १२ वटा गाई लगेर श्रीकृष्ण गौशाला सञ्चालन गरिएको थियो । गौशालाका अनुसार नौवटा गाई अहिले गर्भिणी अवस्थामा छन्।

पुराण आयोजक समितिका अनुसार अब केही दिनमै ३६ वटा गाई श्रीकृष्ण गौशालामा हुने छ । यो गोरक्षा महोत्सव गौशाला स्थापनाको अवसर पारेर वर्षेनि आयोजना हुने श्रीकृष्ण गौशालाले जनाएको छ।

गोरक्षा महोत्सव अर्थात् श्रीमद्भागवत एवं सर्वविज्ञान महायज्ञबाट सङ्कलन हुने भेटी वा दानबाट गाई संरक्षणका लागि टहरा निर्माण गरिने गौशालाले बताएको छ। महोत्सवमा लेटाङ, कानेपोखरी, पथरी शनिश्चरे, उर्लाबारी, बेलबारीलगायतका पालिकाबाट सर्वसाधारण भक्तजनको उपस्थिति छ ।

गौशाला निर्माण गर्ने उद्देश्यले आयोजना गरिएको यो महोत्सवमा सयौं भक्तजनले आर्थिक सहयोग गरिरहेको गोरक्षा महोत्सव आयोजक समितिले बताएको छ। सोमबार साँझ झापाको शिवसताक्षीस्थित सताक्षीधाम धार्मिक तथा पर्यटकीय विकास संस्थाका उपाध्यक्ष उदयप्रकाश राईले ११ हजार रुपैयाँ प्रदान गरेका थिए ।

श्रीकृष्ण गौशालाको विकास तथा सञ्चालनका लागि सहयोग जुटाउने उद्देश्यले महापुराण आयोजना गरिएको आयोजक समितिका सचिव पुष्प काफ्लेले बताए । महापुराणमा खासगरी गाईको संरक्षणलाई जोड दिँदै गौमहिमासहितको संगीतमय कथावाचन गरिने पण्डित सुदीप ढुङ्गानाले जानकारी दिएका छन्।

यत्रतत्र छाडिएका, गैरकानुनी हिसाबले भारततर्फ निकासी गर्न लागिएका, थारा, वयस्क गाईको औषधि उपचार, संरक्षण गर्ने उद्देश्यले एक वर्षअघि मात्र श्रीकृष्ण गौशालाको स्थापना भएको हो। नजिकको जंगल क्षेत्रमा दिनभरि चरनमा जाने र रात परेपछि बासका लागि गौशाला फर्कने गाईको लागि आवास गृह निर्माण गर्ने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको सचिव सापकोटाले बताए ।

पूर्वपश्चिम राजमार्गको पथरीबाट नौ किलोमिटर उत्तरको जङ्गल क्षेत्र छिचोल्नेबित्तिकै आउने जाँते क्षेत्रमा यो कार्यक्रम सञ्चालन भइरहेको आयोजक समितिले जनाएको छ । आयोजकका अनुसार कालोपत्रे सडकले मानव बस्ती जोडेलगत्तै करिब ५०० मिटर पश्चिम कच्ची सडक पार गर्दा महोत्सव क्षेत्र पुग्न सकिन्छ।

# त्रिविको जग्गा खोजबिन आयोगले बुझायो प्रतिवेदन

झापा(प्रस) । त्रिभुवन विश्वविद्यालयको जग्गा र सम्पत्ति खोजबिन आयोगले कुलपतिसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीलाई अध्ययन प्रतिवेदन बुझाएको छ।

सरकारले त्रिविको जग्गा र सम्पत्ति खोजबिन अध्ययन गर्न पूर्वसचिव शारदाप्रसाद त्रितालको नेतृत्वमा आयोग गठन गरेको थियो। उक्त आयोगले कुलपतिसमेत रहेका प्रधानमन्त्री ओलीलाई भेटेर अध्ययन प्रतिवेदन बुझाएको हो।

आयोगले अध्ययन प्रतिवेदन बुझाउने कार्यक्रममा सहकुलपतिसमेत रहेकी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई पनि उपस्थित थिइन्।आयोगका अध्यक्ष त्रिताल बिरामी भएकोले उपस्थित हुन सकेका थिएनन्।

आयोगबाट प्रतिवेदन बुझ्दै प्रधानमन्त्रीसमेत रहेका कुलपति ओलीले त्रिविको जग्गा खोजबिन आयोगले प्रतिवेदनमा सिफारिस गरेका तथ्यहरूको थप अध्ययन गर्दै सरकारले कार्यान्वयनमा लैजाने बताए। 'त्रिविको जग्गा विश्वविद्यालयकै नाममा ल्याइने छ र हिनामिना गर्ने जोकोही भए पनि कानुनी कारबाहीको दायरामा आउनेछन्,' प्रधानमन्त्री ओलीले भने, 'आयोगले अध्ययन गर्न नभ्याएका र नसकेका क्षेत्रलाई पनि थप अध्ययन गरेर खोजिने छ।'

आयोगबाट सिफारिस भएका विषयलाई तत्काल कार्यान्वयन गर्दै खोज्न बाँकी विषयमा थप अध्ययन गरिने प्रतिबद्धता पनि प्रधानमन्त्री ओलीको छ। 'हात हालेपछि यसलाई टुंगोमा पुऱ्याएरै छाडिने,' उनले भने।

मन्त्रिपरिषदले २०८१ जेठमा त्रितालको नेतृत्वमा त्रिविको जग्गा र सम्पत्ति खोज्न आयोग गठन गरेको थियो। आयोगमा पूर्वसचिवहरू महेन्द्रकुमार थापा, जानकीवल्लभ अधिकारी र त्रिवि विज्ञ सदस्य प्रा.डा. प्रेमसागर थापा सदस्य थिए। यसअघि त्रितालकै नेतृवमा सरकारले २०७६ सालमा ललिता निवासको जग्गा खोजबिन गर्न आयोग बनाएको थियो। ललिता निवासको जग्गा अहिले सरकारको नाममा ल्याउने प्रक्रियामा मुद्दा चलिरहेको पनि प्रधानमन्त्री ओलीको भनाइ छ।

# स्वास्थ्यकर्मीको पारिश्रमिक बैंकमार्फत् उपलब्ध गराउन निर्देशन

झापा(प्रस)। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ एवं स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक र सेवा सुविधा उपलब्ध गराउन परिपत्र गरेको छ ।

मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख डा. राजकुमार पाण्डेले परिपत्र जारी गर्दै सरकारी अस्पताल, मेडिकल कलेज र सबै सामुदायिक निजी अस्पताललाई पत्राचार गरी नर्सिङको न्यूनतम सेवा सुविधा उपलब्ध गराउन परिपत्र गरेका हुन् । विशेष गरेर नर्सिङको सेवा सुविधाबारे मन्त्रालयमा गुनासो आएपछि परिपत्र जारी गरिएको महाशाखा प्रमुख डा. पाण्डेले बताए ।

यसैगरी मन्त्रालयले तोकिएको समयभन्दा बढी कार्यका लागि अतिरिक्त भत्ताको व्यवस्था गर्न पनि निर्देशन दिएको उनले जानकारी दिए । स्वास्थ्य तथा शैक्षिक संस्थाले करार (नियुक्ति सम्झौता) गरी राख्नुपर्ने, ज्यालादारी कार्य गराउन नपाइने र सक्कल शैक्षिक लब्धाङ्कपत्र कार्यालयमा राख्न नपाइनेजस्ता कार्य गर्न पनि अस्पतालहरूलाई निर्देशन दिइएको छ ।



यस्तै कार्य गरिसकेपछि अनुभवको पत्र प्रदान गर्नुपर्ने र नर्सिङलगायत अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक बैंकिङ प्रणालीबाट मात्र उपलब्ध गराउनसमेत परिपत्र गरेको छ ।

# सकारात्मक जीवनशैलीबारे मोनिका सिंघलको प्रस्तुति

भद्रपुर,पुष ३ । झापाको भद्रपुरमा मंगलबार साँझ सकारात्मक जीवन जिउने विविध कला र क्रियाकलापबारे प्रवचनसहितको आध्यात्मिक तथा ध्यान शिविर गरिएको छ ।

भद्रपुर मारवाडी संघ, भद्रपुर मारवाडी युवा मञ्च र भद्रपुर मारवाडी महिला मञ्चको संयुक्त आयोजनामा भारतकी चर्चित सामाजिक अभियन्ता, सफल जीवन जिउने कलाकी मार्गदर्शक मोनिका सिंघलको सहजीकरणमा शिविर सञ्चालन गरिएको हो ।

भद्रपुर-६ स्थित होटल सिटी गार्डेनमा आयोजित शिविरमा भारतको चण्डीगढमा स्थापित हरि ओम् स्माइल्सकी संस्थापक मोनिका सिंघलले प्रवचन तथा विभिन्न क्रियाकलापका साथ



सहभागीहरुलाई सकारात्मक तथा निरोगी जीवन जिउने कला सिकाएकी थिइन् ।

भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्की, जिल्लास्थित प्रशासनिक तथा सरकारी निकायका उच्चपदस्थ अधिकारीलगायत भद्रपुरवासीको उल्लेख्य सहभागिता रहेको शिविरमा प्रस्तोता सिंघले प्रकृतिप्रदत्त पृथ्वी, जल, वायु आकाश र अग्निका तत्वहरुको समुचित उपयोगले स्वस्थ र समृद्ध जीवन जिउन सकिने बताइन् । उनले ध्यानबाट, हाँसोबाट, नियमित व्यायामबाट तनावमुक्त जीवन जिउन सकिने मात्र नभई घातक रोगहरुलाई पनि जित्न सकिने बताइन् ।

नेपालमा पहिलोपटक आफ्नो प्रस्तुति दिएकी सिंघलले आफ्नो अभियानले धेरैलाई रोगहरुबाट समेत मुक्त गर्न सकेको उल्लेख गरिन् ।

हरि ओम् स्माइल्सले एक दशकभन्दा बढी समयदेखि ध्यान, आत्म-साक्षात्कार र सकारात्मक जीवनशैलीसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यक्रममा सिंघललाई भद्रपुर मारवाडी संघ, भद्रपुर मारवाडी युवा संघ र भद्रपुर मारवाडी महिला मञ्चको तर्फबाट सामूहिक रुपमा मायाको चिनो प्रदान गरिएको थियो ।

# विद्युत प्राधिकरणको नाफा ९ अर्ब ११ करोड ३२ लाख

झापा(प्रस)।नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको पहिलो तीन महिनामा ९ अर्ब ११ करोड ३२ लाख रूपैयाँ बराबरको नाफा कमाएको छ।

यो करकट्टी गर्नुअघिको नाफा




हो।चालु आवको साउनदेखि असोज मसान्तसम्म ब्याज तथा अन्य आम्दानी समेत गरी कूल आम्दानी ४१ अर्ब ८० करोड ६८ लाख रूपैयाँ रहेको छ। यस्तै ३२ अर्ब ६९ करोड ३६ लाख रूपैयाँ बराबरको खर्च भएको छ।सो अवधिमा प्राधिकरणले ३२ अर्ब ६९ करोड ३६ लाख बराबरको सञ्चालन सम्भार खर्च गरेको छ। यस्तै, विभिन्न वितरण केन्द्रको विद्युत् बिक्री रकम रु २८ अर्ब ९५ करोड आठ लाख ९८ हजार रहेकोमा २६ अर्ब ७७ करोड ६६ लाख ५७ हजार रहेको छ।

प्राधिकरणले आफ्ना र सहायक कम्पनीबाट रु ८७ करोड ५२ लाख र अन्य निजी उत्पादक कम्पनीबाट तीन अर्ब २२ करोड ९५ लाख गरी जम्मा चार अर्ब १० करोड ४७ लाख युनिट खरिद गरेको छ। त्यसका लागि रु २१ अर्ब ९ करोड १७ लाख बराबरको भुक्तानी गरिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए।

गत साउनदेखि असोज मसान्तसम्म भारतबाट बिजुली आयात गरिएको छैन। असोजको दोस्रो साताको बाढीका कारण अपेक्षित निर्यात हुन नसकेपनि सो अवधिमा आयात भने गर्नु नपरेको प्राधिकरणको भनाइ छ।

सो अवधिमा प्राधिकरणले भारततर्फ एक अर्ब ४० करोड ६१ लाख युनिट बिजुली निर्यात गरी १० अर्ब ८८ करोड ८७ बराबरको आम्दानी गरेको छ। नेपाल सरकार र वैदेशिक सहयोग एवम् लगानीमार्फत रु १६ अर्ब ९३ करोड ९१ लाख २७ हजार बराबर खर्च भएको छ। विभिन्न आयोजना र विद्युतीकरणका लागि सो रकम खर्च गरिएको हो।त्यसका लागि १० अर्ब ८८ करोड ३८ लाख १० हजार बराबरको रकम प्राधिकरण आफैले खर्च गरेको छ। त्यस्ते वैदेशिक भुक्तानीतर्फ ६ अर्ब पाँच करोड ५३ लाख १७ करोड बराबर रहेको छ।

# शुल्क अन्योलले रोकिए परीक्षा फाराम

झापा(प्रस)। विद्यार्थीबाट शुल्क उठाउने कि नउठाउने भन्ने अन्योलको कारण विद्यालय तहका विभिन्न कक्षाका रजिस्ट्रेसन र परीक्षा फाराम रोकिएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बेलैमा निर्णय नगर्दा अहिले कक्षा ९ का विद्यार्थीको रजिस्ट्रेसन फाराम, माध्यमिक शिक्षा परीक्षा (एसइई) मा सहभागी हुने विद्यार्थीका लागि आवश्यक पर्ने कक्षा १० को परीक्षा फाराम र कक्षा ११ मा अध्ययनरत विद्यार्थीका रजिस्ट्रेसन फाराममा विलम्ब भएका छन् ।

माध्यमिक तहको शिक्षा निःशुल्क हुने कानुनी व्यवस्था कार्यान्वयन गर्ने हो भने सरकारी तहबाट नै सुरुवात गर्नुपर्ने आवाज उठेपछि यी शीर्षकमा शुल्क नलिने पक्षमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालयबाट स्पष्ट निर्देशन नआएका कारण राष्ट्रिय परीक्षा बोर्डले कुनै पनि फाराम भराउन सकेको छैन ।

बोर्डले कक्षा ११ को रजिस्ट्रेसन फाराम यसअघि नै खुलाएको थियो । बोर्डको सूचना अनुसार विद्यालयहरूले कात्तिकमै विद्यार्थीलाई फाराम भर्न लगाएर सङ्कलनसमेत गरिसकेका छन् तर रजिस्ट्रेसनका लागि विद्यार्थीसँग शुल्क लिन नहुने भन्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तत्कालका लागि रजिस्ट्रेसन फाराम भर्ने कार्य स्थगित गर्न बोर्डलाई निर्देशन दिएको थियो ।

कक्षा ११ मा सरदर पाँच लाख विद्यार्थीले रजिस्ट्रेसन फाराम भर्ने गरेका छन् । बोर्डले उक्त फारामका लागि प्रति विद्यार्थी चार सय रुपियाँको दरले शुल्क लिने गरेको छ । बोर्डका परीक्षा नियन्त्रक (कक्षा ११ र १२) कृष्ण शर्माले रजिस्ट्रेसन शुल्क लिने कि नलिने भन्ने विषय मन्त्रालयमा विचाराधीन रहेकाले विद्यार्थीलाई वितरण गरिसकेको रजिस्ट्रेसन फाराम सङ्कलन कार्य रोकिएको छ । विद्यालय तहमा हाल कक्षा ९ र कक्षा ११ मा दोहोरो रजिस्ट्रेसन गर्ने गरिएको छ । कक्षा ९ र ११ दुवै माध्यमिक तह भए पनि दोहोरो रजिस्ट्रेसन गर्नु उपयुक्त नहुने तर्क पनि उठ्ने गरेका छन् तर ९ र ११ कक्षामा पढ्ने विद्यार्थीको विषय फरक फरक हुने भएका कारण दुवै कक्षामा रजिस्ट्रेसन फाराम भराउनुपर्ने तर्क बोर्डको छ ।

बोर्ड अहिले मन्त्रालयको निर्देशन पर्खेर बसिरहेको छ । कक्षा ११ को फाराम भर्ने विषय नटुङ्गिएका कारण बोर्डले कक्षा ९ को रजिस्ट्रेसन र एसईईको परीक्षा फाराम पनि खुला गर्न सकेको छैन । विगतका वर्षमा मंसिर महिनामा नै एसईईको फाराम खुला हुने गरेको थियो । हरेक वर्ष कक्षा १० मा सरदर पाँच लाख विद्यार्थीले परीक्षा फाराम भर्ने गरेका छन् । प्रति विद्यार्थी पाँच सय रुपियाँ परीक्षा फाराम शुल्क लिने गरिएको छ । त्यस्तै कक्षा ९ मा पनि बर्सेनि पाँच लाखकै हाराहारीमा विद्यार्थीले रजिस्ट्रेसन फाराम भर्ने गरेका छन् । यो फारामका लागि प्रति विद्यार्थी तीन सय पचास रुपियाँ लिने गरिएको छ ।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज जोशजाँगर र हिम्मत बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला ।

**वृष** रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** बन्धु बान्धवबाट सहयोग मिल्नेछ । पारिवारिक सद्भाव बढ्नेछ ।